सडक बोर्ड नेपालको २०औं वार्षिकोत्सवको सुखद् उपलक्ष्यमा सम्पूर्ण सडक प्रयोगकर्ताहरूको जानकारीको लागि यस बोर्डले आ.व. २०७८/०७९ मा सम्पादन गरेको गतिविधिहरूको संक्षिप्त विवरण प्रस्तुत छ ।

काठमाडौं, नेपाल

प्रधानमन्त्री

शुभकामना

सडक बोर्ड नेपालको २० औं वार्षिकोत्सवको सुखद् अवसरमा सर्वप्रथम हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु। मुलुकको विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको भरपर्दो, सुरक्षित तथा योजनाबद्ध विकास एवं मर्मत सम्भारका लागि आवश्यक स्रोतको दिगो व्यवस्थापन गर्न बोर्ड सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

गुणस्तरीय यातायात सेवाका लागि नियमित र निरन्तर रुपमा सडक मर्मत कार्य अपरिहार्य छ। सुरक्षित र भरपर्दो सडक यात्राको सुनिश्चितताबाट सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वसनीयता अभिवृद्धि गर्न सडक बोर्डको भूमिका उल्लेखनीय छ। उल्लिखित सन्दर्भमा सडक बोर्डले देशमा निर्माण गरिएका रणनैतिक र स्थानीय सडक सञ्जालको दिगो मर्मत-सम्भार गरी सार्वजनिक यातायातलाई सुव्यवस्थित र भरपर्दो तुल्याउन आगामी दिनमा कोपको विस्तार एवं वृद्धि गर्दै सडक मर्मत सम्भारको कार्यलाई प्रभावकारी ढंगले सम्पन्न गरी आम नेपाली नागरिकको गुणस्तरीय सडक सुविधा उपभोग गर्न चाहनालाई पूरा गर्नेछ भन्ने मलाई पूर्ण विश्वास छ।

नेपालमा पनि सडक पूर्वाधारको नयाँ आयामको रुपमा सुरुङमार्ग, द्रुतमार्ग र बहुलेन सडकहरुको निर्माण कार्य भईरहेको छ। सडक पूर्वाधार विकासमा मुलुकले ठूलो धनराशी लगानी गरी सडक पूर्वाधारलाई आधुनिक सुविधायुक्त बनाई सडक मर्मतलाई योजनाबद्ध एवं प्रभावकारी बनाउनका लागि स्रोतको दिगो व्यवस्थापन गर्ने कार्य अझ बढी चुनौतिपूर्ण देखिएको वर्तमान अवस्थामा सडक बोर्ड नेपालले यसतर्फ विशेष ध्यान दिनेछ भन्ने मैले आशा गरेको छु।

अन्त्यमा, विकासको मेरुदण्डको रुपमा रहेको सडक पूर्वाधारलाई गुणस्तरीय सेवाका लागि योजनाबद्ध मर्मत सम्भार गर्ने उद्देश्यकासाथ स्थापित सडक बोर्ड नेपालले विगतमा खेलेको भूमिका प्रशंसनीय छ र आगामी दिनमा पनि बोर्डले महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दै बोर्डलाई आफ्नो उद्देश्य प्राप्तिमा पूर्ण सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

१४ पौष, २०७९

पुष्प कमल दाहाल 'प्रचण्ड'

URL : www.mopit.gov.np
email:info@mopit.gov.np

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

फोन नं. ४२११८८०, ४२११८२१, ४२११८२४
फ्याक्स नं. ४२११७१०
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:-
च. नं.:-

शुभकामना

मुलुकको आर्थिक-सामाजिक विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको योजनाबद्ध मर्मत सम्भारका लागि आवश्यक स्रोतको दिगो व्यवस्थापन गर्न सडक बोर्ड ऐन, २०५८ बमोजिम स्थापना भएको सडक बोर्ड नेपालले आफ्नो स्थापनाको २० औं वार्षिकोत्सव मनाउन लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ। यस अवसरमा बोर्डले विगतमा निर्वाह गर्दै आएको भूमीकाका लागि बधाई तथा आगामी दिनमा सफलतापूर्वक अघि बढ्नका लागि शुभकामना दिन चाहन्छु।

नेपालमा विगत दुई दशकमा सडक पूर्वाधारको क्षेत्रमा भएको लगानी तथा स्थानीय तहमा समेत स्वस्फूर्त रुपमा सडकको निर्माण एवं विस्तार भएको कारणले मुलुकमा सडक सञ्जालको व्यापक विस्तार भएको छ जुन ज्यादै उत्साहवर्धक देखिन्छ। विषम भौगोलिक अवस्थितिले गर्दा अझैपनि मुलुकका हिमाली तथा दुर्गम गाउँ-बस्ति सम्म सडकको पहुँच पुऱ्याउन हामी सबैको ध्यान जान जरुरी छ। त्यसैले एकातिर नयाँ निर्माणको माग र आवश्यकता उच्च रहेको छ भने अर्कोतर्फ ठूलो धनराशी लगानी गरी निर्माण गरिएको सडक पूर्वाधारको योजनाबद्ध र प्रभावकारी ढंगले मर्मत सम्भार गर्ने कार्यलाई समेत उच्च प्राथमिकताकासाथ निरन्तर रुपमा गरिनु पर्दछ। निर्माण भएका सडक पूर्वाधारको उपयुक्त समयमा प्रभावकारी रुपले मर्मत सम्भार एवं संरक्षण गर्न सके मात्र सडक यातायातलाई भरपर्दो, सुरक्षित र सुविधायुक्त तुल्याउन सकिन्छ।

विश्वमा र छिमेकी राष्ट्रमा समेत सडक पूर्वाधारको क्षेत्रमा विकास भएको आधुनिक प्रविधिलाई नेपालमा समेत हालका दिनहरुमा अवलम्बन गर्ने कार्यको शुरुआत भईसकेको छ र मुलुकको चौतर्फी विकास र जनचाहना बमोजिम मुलुकका विभिन्न स्थानहरुमा आधुनिक सुरुङमार्ग, द्रुतमार्ग र बहुलेन सडक पूर्वाधारको निर्माण भईरहेको छ। यसरी निर्माण सम्पन्न भएका र आगामी दिनमा निर्माण गरिने सुरुङमार्ग, द्रुतमार्ग एवं बहुलेन सडक जस्ता आधुनिक सडक पूर्वाधारको योजनाबद्ध एवं प्रभावकारी मर्मत सम्भारका लागि झन बढी स्रोत-साधनको आवश्यकता पर्ने भएकोले सोको व्यवस्थापन गर्ने कार्यमा सडक बोर्ड नेपालले झन सशक्त भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। आगामी दिनमा सडक बोर्डले कोपको विस्तार एवं वृद्धि गर्दै आफ्नो जिम्मेवारी पूरा गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

सडक पूर्वाधारको योजनाबद्ध मर्मत सम्भार गर्ने कार्यमा हाल देखिएका कमी-कमजोरीहरुको निराकरण गरी मर्मत सम्भार कार्यलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन सडक सम्बन्धी सबै निकायहरु झन बढी मेहनतकासाथ क्रियाशील हुनुपर्ने देखिन्छ। सडकको मर्मत सम्भार गर्ने कार्य योजनाबद्ध एवं गुणस्तरीय भए-नभएको अनुगमन तथा मुल्याङ्कन गर्ने कार्यलाई बोर्डले झन बढी प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ। साथै, सडक बोर्डको भौतिक एवं मानव संसाधनको विस्तार गरी विद्यमान ऐन नियम र नीतिको समेत समयसापेक्ष परिमार्जन गर्दै बोर्डलाई सुदृढ एवं सशक्त संगठनका रुपमा विकास गर्नु आजको आवश्यकता हो।

अन्त्यमा, २० औं वार्षिकोत्सवको अवसरमा सडक मर्मत सम्भारलाई प्रभावकारी ढंगले सम्पन्न गर्दै आम नागरिकको गुणस्तरीय सडक सुविधा उपभोग गर्ने चाहनालाई पुरा गर्ने सडक बोर्ड नेपाललाई सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

नारायणकाजी श्रेष्ठ
उप प्रधानमन्त्री

२०७९ पौष

URL : www.mopit.gov.np
email:info@mopit.gov.np

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

फोन नं. ४२११८८०, ४२११८२१, ४२११८२४
फ्याक्स नं. ४२११७१०
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:-
च. नं.:-

प्रतिबद्धता

मुलुकले ठूलो धनराशी लगानी गरी निर्माण गरिएको सडक सम्पत्तिको योजनाबद्ध र प्रभावकारी ढंगबाट मर्मत सम्भार र संरक्षण गर्ने-गराउने र सडक मर्मत सम्भारका लागि आवश्यक स्रोतको व्यवस्था मिलाउने गहन दायित्व वहन गरेको सडक बोर्ड नेपालले आफ्नो स्थापनाको २० औं वार्षिकोत्सव मनाउन लागेकोमा मलाई खुशी लागेको छ। यस अवसरमा यस संस्थानाई बधाई दिंदै आगामी दिनमा अझ प्रभावकारी भूमिका खेल्नमा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

सडक यातायातलाई भरपर्दो र गुणस्तरीय बनाउनका लागि सडकको मर्मत सम्भार समयमा नै सम्पन्न गरिनु अतिवार्य छ। आम नागरिकको चाहना बमोजिम एकातर्फ सडकको विस्तार तिव्र गतिले भईरहेको छ भने अर्कोतर्फ सीमित साधन-श्रोतद्वारा निर्मित सडक सम्पत्तिको समयमा नै उचित मर्मत सम्भार गर्नुपर्ने गहन दायित्व हाम्रा साम्छ। देशको चौतर्फी विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको विकास तथा निर्माणले ठूलो महत्व राख्दछ। बोर्डले आफ्नो स्थापनाकालदेखि नै सडकको योजनाबद्ध र प्रभावकारी मर्मत सम्भारका लागि सडक सम्बद्ध निकायहरुसग सहकार्य गदै आएको छ।

देशको सामाजिक-आर्थिक विकासको गतिलाई तिव्रता प्रदान गर्नमा सडक पूर्वाधारको अत्यन्त महत्वपूर्ण भूमिका रहने हुँदा नेपालमा पनि युग सुहाउँदो सडक पूर्वाधारको विकास गर्ने सिलसिलामा हालका दिनहरुमा सुरुङमार्ग तथा बहुलेन सडकहरुको निर्माण धमाधम भईरहेको छ। यसरी निर्माण गरिएका आधुनिक सुविधायुक्त सडक पूर्वाधारले आम नागरिकको जीवनस्तर माथि उठाउन र मुलुकको समग्र सामाजिक-आर्थिक विकासको लक्ष्य प्राप्तिमा ठूलो योगदान पुऱ्याउने कुरामा दुईमत छैन। आम नागरिकको चाहना अनुसार सीमित साधन-श्रोतका बावजुद पनि सडक पूर्वाधारको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई जोड दिईदै आएको छ। यसरी निर्माण गरिएको आधुनिक सडक पूर्वाधारको योजनाबद्ध र प्रभावकारी ढंगबाट मर्मत सम्भार र संरक्षण गर्नका लागि बोर्डलाई झन बढी साधन-श्रोतको आवश्यकता पर्ने देखिन्छ। सडक सञ्जालमा भईरहेको विस्तार अनुरुप बोर्डलाई आवश्यक पर्ने पर्याप्त साधन-श्रोत र जनशक्तिको व्यवस्थापन लगायत बोर्डको सुदृढीकरणमा ध्यान दिनुपर्ने जरुरी भएको छ।

विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको निर्माण एवं मर्मत सम्भारमा सहयोग गर्नुहुने सडक उपयोगकर्ता, आम नागरिक, सडक सम्बद्ध निकायहरु र नेपालको सडक यातायात क्षेत्रको विकासमा सहयोग गर्नुहुने सबै विकास साझेदारहरुमा सडक बोर्ड नेपाल हार्दिक आभार व्यक्त गर्दछ। आगामी दिनहरुमा पनि सडक पूर्वाधारको दिगो मर्मत सम्भार एवं संरक्षण गर्ने कार्यमा बोर्ड सदैव कटिबद्ध रहने विश्वास दिलाउन चाहन्छु। धन्यवाद !

गोपाल प्रसाद सिग्देल
अध्यक्ष
सडक बोर्ड नेपाल

२०७९ पौष

सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ बमोजिम स्थापित)
मिनभवन, काठमाडौं

प.सं.:
च.नं.:

प्रतिबद्धता

सडक पूर्वाधारको योजनाबद्ध मर्मत सम्भार गर्ने गराउने र सोका लागि आवश्यक श्रोतको दिगो व्यवस्थापन गर्ने उद्देश्यकासाथ सडक बोर्ड ऐन, २०५८ बमोजिम स्थापित सडक बोर्ड नेपालले २० औं वार्षिकोत्सव मनाउन लागेको सुखद् उपलश्यमा सबै निकाय एवं संघ-संस्था र सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजुभाईहरुबाट बोर्डलाई प्राप्त सहयोग एवं सद्भाव प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

सडक पूर्वाधार नै विकास र समुन्नतिको संवाहक भएको हुँदा यसको योजनाबद्ध एवं प्रभावकारी मर्मत सम्भारले ठूलो महत्व राख्दछ। समयमा गरिएको साधारण मर्मतले महङ्गो र ठूलो मर्मतको आवश्यकतालाई पछाडि धकेल्न सकिने हुँदा सडकको मर्मत सम्भार कार्यलाई उच्च महत्व दिईनु पर्दछ। मुलुकले ठूलो धनराशी लगानी गरी निर्माण सम्पन्न गरेका सडक पूर्वाधारको नियमित, पटके, आवधिक, विशेष र आकष्मिक सबै प्रकारका मर्मत सम्भार कार्यहरु समयमा नै सम्पन्न गरी आम नागरिकलाई सुरक्षित सडक यातायातको सुविधा उपलब्ध गराउन बोर्ड लगायत सडक सम्बद्ध सबै निकायहरु अझ बढी क्रियाशील हुन जरुरी छ। सडकको अवस्थाबाट नै कुनैपनि मुलुकको विकास र समृद्धिको उचाई मापन गरिने हुँदा हामी सबैले आ-आफ्नो कर्तव्य ईमान्दारीपूर्वक निर्वाह गर्नु पर्दछ। केन्द्रिय स्तरका रणनैतिक सडकको मर्मत सम्भार गर्ने जिम्मेवारी पाएको सडक विभाग, प्रादेशिक सडकको हकमा प्रदेश र स्थानीय सडकको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहबाट गुणस्तरीय एवं प्रभावकारी रुपमा हुनसके आम नागरिकलाई भरपर्दो र सुविधायुक्त सडक यातायातको सुविधा उपलब्ध गराउन सकिने हुँदा सडक सम्बद्ध सबैको ध्यान त्यता तर्फ केन्द्रित हुनुपर्दछ।

मुलुकको चौतर्फी विकासको प्रमुख आधारको रुपमा रहेको सडक पूर्वाधारको योजनाबद्ध र प्रभावकारी मर्मत सम्भारका लागि आवश्यक श्रोत-साधनको व्यवस्थापन गर्नका लागि बोर्ड सदैव प्रयत्नशील रहेको छ। निर्माण सम्पन्न भएका सबै सडकहरुको समयमा नै प्रभावकारी ढंगले मर्मत सम्भार गर्नका लागि माग बमोजिमको साधन-श्रोत र जनशक्ति उपलब्ध गराई बोर्डलाई सुदृढ संगठनको रुपमा विकास गर्नु आजको आवश्यकता हो।

अन्त्यमा, विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको समयमा नै योजनबद्ध र प्रभावकारी ढंगबाट मर्मत सम्भार गर्ने कार्यमा सडक बोर्ड नेपाल सदैव प्रतिबद्ध रहिरहने विश्वास दिलाउन चाहन्छु। धन्यवाद !

गणेश बहादुर के.सी
कार्यकारी निर्देशक

२०७९ पौष

अरनिको भवन, मिनभवन पो.ब.नं. ११४०६, काठमाण्डौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५३९, ४४९३५२९
फ्याक्स नं. +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@roadsboardnepal.org
वेभसाइट: www.roadsboardnepal.org

आ.व. २०७८/०७९ मा स्थानीय तह तर्फ प्रदेशगत विनियोजित बजेट तथा रकम निकासा

क्र.सं.	नगरपालिका	विनियोजित बजेट	रकम निकासा
	प्रदेश नं. १		
१	महानगरपालिका	१५,०००,०००.००	३०,२९२,५४७.००
२	उपमहानगरपालिका	२२,०००,०००.००	५३,४७२,३०५.००
३	नगरपालिका	२२१,९००,०००.००	१७३,३५९,७४४.००
४	गाउँपालिका	११९,१००,०००.००	५५,२८७,८७७.००
	जम्मा	३७८,०००,०००.००	३१२,४१२,४७३.००
	मधेश प्रदेश		
१	महानगरपालिका	१६,५००,०००.००	९,३८५,२९२.००
२	उपमहानगरपालिका	२८,०००,०००.००	१०,७१७,६२९.००
३	नगरपालिका	३९३,५००,०००.००	२१९,६०१,५३६.००
४	गाउँपालिका	१५१,१००,०००.००	४७,१५८,७०५.००
	जम्मा	५८९,१००,०००.००	२८६,८६३,१६२.००
	वागमती प्रदेश		
१	महानगरपालिका	४९,५००,०००.००	२५,२८८,८१९.००
२	उपमहानगरपालिका	१४,५००,०००.००	-
३	नगरपालिका	२५६,५००,०००.००	१५६,०७९,६०१.००
४	गाउँपालिका	१०६,७००,०००.००	५८,७५०,७४९.००
	जम्मा	४२७,२००,०००.००	२४०,१११,१६९.००
	गण्डकी प्रदेश		
१	महानगरपालिका	१९,५००,०००.००	९,७८१,८७१.००
२	नगरपालिका	१५७,३००,०००.००	-
३	गाउँपालिका	८९,८००,०००.००	२०,२९८,२४१.००
	जम्मा	२६६,६००,०००.००	३०,०८०,११२.००
	लुम्बिनी प्रदेश		
१	उपमहानगरपालिका	४३,५००,०००.००	६०,१९८,१०२.००
२	नगरपालिका	१८३,२००,०००.००	१२६,०२७,९३३.००
३	गाउँपालिका	१११,२५६,०००.००	२४,३७३,८५१.००
	जम्मा	३३७,९५६,०००.००	२१०,५९९,८८६.००
	कर्णाली प्रदेश		
१	नगरपालिका	९८,८००,०००.००	५९,१९५,७६४.००
२	गाउँपालिका	६९,६००,०००.००	१३,८००,०००.००
	जम्मा	१६८,४००,०००.००	७२,९९५,७६४.००
	सुदुर पश्चिम प्रदेश		
१	उपमहानगरपालिका	१९,५००,०००.००	११,२५८,९५३.००
२	नगरपालिका	१४६,६००,०००.००	९२,०३५,८७४.००
३	गाउँपालिका	७७,४००,०००.००	१९,४३६,८८८.००
	जम्मा	२४३,५००,०००.००	१२२,७३१,७१५.००
	कुल जम्मा	२,४१०,७५६,०००.००	१,२७५,८०२,२८१.००

नोटः रकम निकासाको हकमा आ.व. २०७७/०७८ को समेत निकासा गरिएको ।

सडक मर्मत संभारको बजेट व्यवस्थापन तथा रकम निकासा

सडक मर्मत संभार	स्वीकृत बजेट	रकम निकासा	निकासा (% मा)
रणनैतिक सडक	१२,५००,०४४,०००.००	१०,४३७,८७३,८१६.६८	८४%
स्थानीय सडक	२,४१०,७५६,०००.००	१,२७५,८०२,२८१.००	५३%
कुल जम्मा रकम	१४,९१०,८००,०००.००	११,७१३,६७६,०९७.६८	७९%

रणनैतिक सडक मर्मत संभार

क्र.सं.	निकाय	स्वीकृत बजेट	रकम निकासा	प्रतिशत
१	सडक डिभिजन	१२,०१२,९०२,०००.००	१०,१४१,७७८,९८६.४४	८४.४२%
२	हेभि इक्वीप्मेन्ट डिभिजन	५४,४५०,०००.००	५४,४५१,९५५.००	१००.००%
३	यान्त्रिक कार्यालय	२३,५५०,०००.००	२३,५४९,०५४.००	१००.००%
४	संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय	१६,०००,०००.००	१३,७११,०३१.२४	८५.६९%
५	अन्य (सडक विभाग, आयोजना, तालिम केन्द्र आदि)	३९३,१४२,०००.००	२०४,३८२,७९०.००	५१.९९%
	कुल जम्मा	१२,५००,०४४,०००.००	१०,४३७,८७३,८१६.६८	८३.५०%

आ.ब. २०७८/०७९ मा सडक मर्मत संभारको भौतिक प्रगति

क्र.सं.	सडक मर्मत संभार शिर्षक	लक्ष्य (कि.मि.)	प्रगति (कि.मि.)	प्रगति प्रतिशतमा
क)	**रणनैतिक सडक**			
१	नियमित मर्मत (कि.मि.मा)	७८८२	७८८२	१००.००%
२	पटके मर्मत (कि.मि.मा)	५१४५	५१४५	१००.००%
३	आवधिक मर्मत (कि.मि.मा)	६८४	३००	४३.८६%
४	पुर्नःस्थापना तथा पुर्नः निर्माण मर्मत (कि.मि.मा)	११५	३०	२६.०९%
५	बिशेष मर्मत (प्रतिशतमा)	१००	७०	७०.००%
६	आकस्मिक मर्मत (प्रतिशतमा)	१००	१००	१००.००%
७	सडक सुरक्षा (प्रतिशतमा)	१००	१००	१००.००%
ख)	**स्थानीय सडक**			
१	कालोपत्रे, ग्राभेल, माटे सडक मर्मत (कि.मि.मा)	१००००	३०००	३०.००%

आ.ब. २०७८/०७९ मा स्थानीय तह तर्फ प्रदेशगत विनियोजित बजेट तथा रकम निकासा

प्रदेश	विनियोजित बजेट	रकम निकासा	रकम निकासा
प्रदेश नं. १	३७८,०००,०००.००	३१२,४१२,४७३.००	८२.६५%
मधेश प्रदेश	५८९,१००,०००.००	२८६,८६३,१६२.००	४८.७०%
वागमती प्रदेश	४२७,२००,०००.००	२४०,१११,१६९.००	५६.२१%
गण्डकी प्रदेश	२६६,६००,०००.००	३०,०८०,११२.००	११.२८%
लुम्बिनी प्रदेश	३३७,९५६,०००.००	२१०,५९९,८८६.००	६२.३२%
कर्णाली प्रदेश	१६८,४००,०००.००	७२,९९५,७६४.००	४३.३५%
सुदुरपश्चिम प्रदेश	२४३,५००,०००.००	१२२,७३१,७१५.००	५०.४०%
कुल जम्मा	२,४१०,७५६,०००.००	१,२७५,८०२,२८१.००	५२.९२%

आ.व. २०७८/०७९ को आर्थिक विवरण

क्र.सं.	विवरण	रकम (रु.)
(क)	**आम्दानी**	
१	नेपाल सरकारबाट	६,८८२,९०७,०००.००
२	सडक दस्तुर सङ्कलनबाट	३४,७१६,२५०.००
३	ब्याज आम्दानी	२७९,१०६,६०५.७६
४	विविध आम्दानी	१९०,१५०,७००.८५
	जम्मा (क)	७,३८६,८८०,५५६.६१
(ख)	**खर्च**	
१	सडक दस्तुर सङ्कलन खर्च	३,९९३,९०४.००
२	सडक मर्मत संभार खर्च	७,७७८,८५५,४८५.८३
३	प्रशासनिक खर्च	७५,३०५,१९५.८०
	जम्मा (ख)	७,८५८,१५४,५८५.६३
	वचत (न्यून) (क-ख) वासलातमा सारेको	(४७१,२७४,०२९.०२)

आ.व. २०७८/०७९ मा रणनैतिक सडक मर्मत संभारको स्वीकृत बजेट तथा रकम निकासा (दायित्व सहित)

क्र.सं.	कार्यालय	स्वीकृत बजेट रु.	रकम निकासा रु.
(क)	**सडक डिभिजन**		
१	इलाम	६३३,१६०,०००.००	५४९,८६०,८१८.००
२	दमक	१६४,१९२,०००.००	१६४,८८४,६६२.००
३	विराटनगर	२९७,८१२,०००.००	१५४,५१८,२४४.००
४	धनकुटा	१६९,९१९,०००.००	१४८,२८२,७०५.५५
५	तुम्लिङ्गटार	२२८,२०१,०००.००	१८३,७३४,११२.००
६	लहान	३४३,१२१,०००.००	३२५,१४७,३३०.९१
७	जनकपुर	१४९,१९३,०००.००	१४९,०४९,०८३.००
८	हर्कपुर	१३८,०६६,०००.००	१३०,१४५,७७२.००
९	चन्द्रनिगाहपुर	९०,९००,०००.००	५१,०६३,३४०.००
१०	काठमाडौं	८३८,८३४,०००.००	७४९,९६४,७३८.००
११	ललितपुर	५५४,३१६,०००.००	५३७,२६६,९३४.००
१२	भक्तपुर	५९६,२९३,०००.००	४५३,२४३,४९५.००
१३	खुर्कोट	८५,६१८,०००.००	१०२,२३०,८५४.००
१४	चरिकोट	४७०,९६३,०००.००	४०५,५२२,९५८.००
१५	हेटौडा	४११,७१६,०००.००	३१४,४८०,५५५.३७
१६	भरतपुर	३५९,२६१,०००.००	२८५,९६५,६१२.००
१७	नुवाकोट	४३१,५०१,०००.००	२४१,६०६,१९०.५६
१८	पोखरा	५३६,३४२,०००.००	३९६,३०१,१०५.००
१९	दमौली	२७५,४०१,०००.००	२७५,५८९,८६४.००
२०	वाग्लुङ्ग	५९,८८१,०००.००	५७,१८२,२२१.००
२१	पाल्पा	३८०,२३८,०००.००	३२०,६६७,१७९.९१
२२	वुटवल	३७९,६७०,०००.००	२३५,१४७,१०४.००
२३	शिवपुर	२४५,६६७,०००.००	२१४,५६५,८२६.००
२४	दाङ्ग	४८३,०१२,०००.००	२५६,९९९,७९९.१४
२५	प्यूठान	२६८,७३४,०००.००	२८५,८४५,२००.००
२६	नेपालगञ्ज	४४५,५७६,०००.००	४४६,१८७,१०२.००
२७	सुर्खेत	६७०,३८१,०००.००	६०३,९४३,९५४.००
२८	चौरजहारी	२३२,९५८,०००.००	२२७,१६९,२६४.००
२९	जुम्ला	२४४,६२७,०००.००	२२१,६६४,३३७.००
३०	कञ्चनपुर	२००,७८६,०००.००	१४०,८५४,१००.००
३१	डोटी	५३६,०८१,०००.००	५२३,६३२,०२२.००
३२	वैतडी	५७१,६९८,०००.००	४६९,९०४,४०१.००
३३	साँफेवगर	५१८,७८४,०००.००	५१९,१५८,१०३.००
(ख)	**हेभि इक्विपमेन्ट डिभिजन**		
३४	इटहरी	६,१००,०००.००	६,१००,०००.००
३५	जनकपुर	३,३००,०००.००	३,३००,०००.००
३६	हेटौडा	४,५००,०००.००	४,५०२,९५५.००
३७	काठमाडौं	१९,६००,०००.००	१९,६००,०००.००
३८	पोखरा	५,५००,०००.००	५,५००,०००.००
३९	वुटवल	५,७५०,०००.००	५,७४९,०००.००
४०	नेपालगञ्ज	६,४००,०००.००	६,४००,०००.००
४१	गोदावरी	३,३००,०००.००	३,३००,०००.००
(ग)	**यान्त्रिक कार्यालय**		
४२	पाँचथर, फिदिम	८००,०००.००	८००,०००.००
४३	लहान	१,७००,०००.००	१,६९९,०५४.००
४४	सिन्धुली	१,३००,०००.००	१,३००,०००.००
४५	नुवाकोट	१,४५०,०००.००	१,४५०,०००.००
४६	डुम्रे, तनहुँ	१,३५०,०००.००	१,३५०,०००.००
४७	दाङ्ग	१,०५०,०००.००	१,०५०,०००.००
४८	बुडर	९००,०००.००	९००,०००.००
४९	यान्त्रिक महाशाखा, ललितपुर	१५,०००,०००.००	१५,०००,०००.००
(घ)	**सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय**		
५०	दमक	४,०००,०००.००	३,०००,०००.००
५१	काठमाडौं	४,०००,०००.००	३,४५७,९७९.२४
५२	पोखरा	४,०००,०००.००	४,०००,०००.००
५३	सुर्खेत	४,०००,०००.००	३,२५३,०५२.००
५४	सडक विभाग	१८७,४६१,०००.००	६०,९३८,१२०.००
५५	केन्द्रिय प्रयोगशाला	२०,०००,०००.००	९,०३०,०००.००
५६	११ कि.मि. छेपेटार-गोरखा	३०,०००,०००.००	३०,०००,०००.००
५७	सुर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना	१५५,६८१,०००.००	१०४,४१४,६७०.००
	जम्मा	१२,५००,०४४,०००.००	१०,४३७,८७३,८१६.६८











सडक बोर्ड नेपाल
एन.के.सिंह मार्ग, मिनभवन, काठमाडौं ।
फोनः ०१-४४९३५१५/....५२९/...५३९, फ्याक्सः ०१-४४५०८७१
इमेलः info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाईटः www.rbn.org.np